NIC ASIA

एन आई सी एशिया बैंक लि.

Ref No : NICASIA/CS/083-84/60-1

मिति : २०८३/०७/१८

श्री नेपाल स्टक एक्सचेञ्ज लि.
सिंहदरबारप्लाजा, काठमाडौं ।

विषय : **"हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु" प्रकाशनका लागि स्वीकृति प्राप्त भएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस बैंकले हाल कायम रहेको साधारण शेयरको चुक्ता पूँजीको २:१ को अनुपातमा रु. १०० दरको ७,४५,८७,८३५ कित्ता हकप्रद शेयर निष्कासन गर्नका लागि नेपाल धितोपत्र बोर्डसमक्ष पेश गरेको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु" लाई प्रकाशनका लागि नेपाल धितोपत्र बोर्डबाट मिति २०८३/०७/१८ मा स्वीकृति प्राप्त भएको व्यहोरा जानकारीको लागि सादर अनुरोध गर्दछौं ।

धन्यवाद ।

भवदीय,

दिनेश भारी
कम्पनी सचिव

NIC ASIA BANK LTD.
REGISTERED OFFICE
KATHMANDU

संलग्न

१. नेपाल धितोपत्र बोर्डबाट प्राप्त मिति २०८३/०७/१८ को प.सं.: नि.वि./शे.द. तथा नि.शा./२०८३/८४ चलानी नं. १३४४ को पत्रको छायाँप्रति (पाना संख्या १)

नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनियम बजारको नियामक निकाय)

नियमन विभाग

पत्र संख्याः नि.वि./शे.द. तथा नि. शा./२०८३/०८४
चलानी नं.: १३४४

मितिः २०८३।०७।१८

श्री नेपाल राष्ट्र बैंक,
बालुवाटार, काठमाडौं।

श्री कम्पनी रजिष्ट्रारको कार्यालय,
त्रिपुरेश्वर, काठमाडौं।

श्री नेपाल स्टक एक्स्चेन्ज लिमिटेड,
सिंहदरबार प्लाजा, काठमाडौं।

विषयः जानकारी बारे।

महाशय,

श्री एन आई सी एशीया बैंक लिमिटेडले एनआइएमबि एस क्यापिटल लिमिटेडको निष्काशन तथा बिक्री प्रबन्धकत्वमा सर्वसाधारणका लागि रु.१००।- दरको ७,४५,८७,८३५ कित्ता हकप्रद शेयर निष्काशन गर्नका लागि बोर्डमा प्रस्तुत गरेको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु" लाई धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० को उपदफा (१) बमोजिम प्रकाशन गर्न स्वीकृति प्रदान गरिएको व्यहोरा जानकारी गराउँदै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु" प्रकाशनका लागि दिइएको स्वीकृति पत्र यसै पत्रसाथ संलग्न गरिएको व्यहोरा अनुरोध छ।

भवदीय

(विकल देवकोटा)
सहायक निर्देशक

पोष्ट बक्स नं.: ९०३१, खुमलटार, ललितपुर, नेपाल
फोन नं.: ००९७७-१-५५४१०५७, ५५५११६२, ५५४४०७७, एक्सटेन्सन नं. फ्याक्स नं.५५४१०५८
टोल फ्रि नं: १६६०-०१-४४४३३, इमेलः support@sebon.gov.np, वेभसाइटः www.sebon.gov.np

नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनियम बजारको नियामक निकाय)

नियमन विभाग

हकप्रद निष्काशनको स्वीकृति

कमलादी, काठमाडौं मुख्य कार्यालय भएको श्री एन आई सी एशिया बैंक लिमिटेडले २:१ को अनुपातमा रु.१००।- दरको ७,४५,८७,८३५ कित्ता साधारण शेयर हकप्रद निष्काशन गर्नका लागि तयार गरेको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु" लाई स्वीकृति प्रदान गरिएको छ।

उपरोक्त विवरणमा उल्लेखित साधारण शेयर (हकप्रद शेयर) देहायका शर्तहरु पालना गरेर मात्र निष्काशन गर्नुपर्ने।

शर्तहरुः

१."हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु" मा देहाय बमोजिम सुधार गरी प्रकाशन गर्नुपर्ने र सोको जानकारी यस बोर्डलाई गराए पश्चात्मात्र आह्वानपत्र प्रकाशन गर्नुपर्ने।

१.१ विवरणपत्रको दफा भ) मा शीर्षक बमोजिम आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु सम्बन्धमा यकिन गरी धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ भएको व्यवस्थाहरु बमोजिम हुने गरी उल्लेख गर्नुपर्ने ।

१.२ मुखपृष्ठमा रहेका तथा बुँदा ण मा उल्लेख भएका आ.व. २०८१/८२ को समूह अन्तर्गतका वित्तिय सूचकहरु सोही आ.व.को लेखापरीक्षण भएको वित्तिय विवरण अनुसार उल्लेख गरी अद्यावधिक गर्नुपर्ने।

१.३ बुँदा ण मा उल्लेख भएको आ.व. २०८१/८२ को इक्विटीमा भएको परिवर्तन (समूह) सोही आ.व. को लेखापरीक्षण भएको वित्तिय विवरण अनुसार उल्लेख गरी अद्यावधिक गर्नुपर्ने।

१.४ बुँदा ण मा उल्लेख भएका आ.व. २०८३/८४ देखिका प्रक्षेपित इक्विटीमा भएको परिवर्तन (समूह तथा बैंक) बोर्डमा पेश भएको प्रक्षेपित वित्तिय विवरण अनुसार उल्लेख गर्नुपर्ने।

१.५ विवरणपत्रको दफा य) मा प्रस्तुत निष्काशनबाट प्राप्त रकम उपयोगको विवरण सम्बन्धमा भएको संचालक समितिको निर्णय मिति खुलाई उल्लेख गर्नुपर्ने।

२.निष्काशनकर्ता संस्थाले सार्वजनिक निष्काशन समापन/बिक्री बन्द नभइञ्जेल धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धको सम्झौताको बहाल रहने अवधि तथा क्रेडिट रेटिङ्गको बैधता कायम रहने व्यवस्था गरी बोर्डमा पेश गर्नुपर्ने र सोही बमोजिम विवरणपत्रको सम्बन्धित सबै दफामा अद्यावधिक विवरण समावेश गर्नुपर्ने ।

३.धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३३ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम बोर्डमा धितोपत्र दर्ता गराई निष्काशन अनुमति प्राप्त गर्ने प्रयोजनको लागि बोर्ड समक्ष पेश गरिएको विवरणपत्र (हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु) मा उल्लेख गरिएका विवरण तथा जानकारी सम्बन्धी कागजातहरुको सत्यताप्रति सम्बन्धित संगठित संस्था र सो विवरणपत्रमा सहिछाप गर्ने संचालक तथा त्यस्तो विवरणपत्र तयार गर्ने विशेषज्ञले व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेही वहन गर्नु पर्ने र सोही दफाको उपदफा (२) को व्यवस्था बमोजिम कुनै व्यक्तिले विवरणपत्रमा लेखिएका कुराहरुमा विश्वास गरी धितोपत्र खरिद गरिसकेपछि विवरणपत्रमा लेखिएका कुराहरु वदनियतसाथ वा जानी जानी झुठो वा गलत उल्लेख गरिएको कारणबाट लगानीकर्तालाई कुनै हानी नोक्सानी भएमा

पोष्ट बक्स नं.: ९०३१, खुमलटार, ललितपुर, नेपाल
फोन नं.: ००९७७-१-५५४१०५७, ५५५११६२, ५५४४०७७, एक्सटेन्सन नं. फ्याक्स नं.५५४१०५८
टोल फ्रि नं: १६६०-०१-४४४३३, इमेलः support@sebon.gov.np, वेभसाइटः www.sebon.gov.np

उपदफा (१) बमोजिमको संस्था, संचालक वा विवरणपत्र तयार गर्ने विशेषज्ञहरुले त्यस्तो हानी नोक्सानीको क्षतिपूर्ति व्यहोर्नु पर्ने व्यवस्था मुताविक स्वीकृतिको लागि प्रस्तुत यस विवरणपत्रमा उल्लेखित तथ्य, विवरण एवं जानकारीको जवाफदेहिता निष्काशनकर्ता निवेदक संस्था, विवरणपत्रमा सहिछाप गर्ने संचालक तथा त्यस्तो विवरणपत्र तयार गर्ने निष्काशन तथा बिक्री प्रवन्धक हुने गरी स्वीकृति प्रदान गरिएको । साथै निवेदक संस्था एन आई सी एशिया बैंक लिमिटेडलाई यस बोर्डबाट प्रदान गरिएको स्वीकृत "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु" को अधीनमा रही एनआइएमबि एस क्यापिटल लिमिटेडको निष्काशन तथा बिक्री प्रबन्धकत्वमा २:१ को अनुपातमा साविकका शेयरधनीहरुलाई अंकित मूल्य रु. १००।- दरको ७,४५,८७,८३५ कित्ता हकप्रद शेयर निष्काशन गर्नका लागि मात्र यो स्वीकृति लागू हुने ।

४.स्वीकृत "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु" उल्लेखित तथ्य, विवरण एवं जानकारीको जवाफदेहिता निष्काशनकर्ता निवेदक संस्था, विवरणपत्रमा सहिछाप गर्ने संचालक तथा त्यस्तो विवरणपत्र तयार गर्ने निष्काशन तथा बिक्री प्रबन्धक हुनुपर्ने।

५.धितोपत्र सम्बन्धी ऐन, २०६३, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३, धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ र सो ऐन अन्तर्गत जारी भएका अन्य नियम, विनियम, निर्देशिका, बोर्डबाट जारी भएका निर्देशनहरु, प्रचलित ऐन नियम तथा यस निष्काशनका लागि तोकिएका शर्तहरुको निष्काशनकर्ता कम्पनी र निष्काशन तथा बिक्री प्रबन्धकबाट पूर्ण पालना गर्दै नियमानुसार पेश गर्नुपर्ने विवरण बोर्डमा पेश गर्नुपर्ने ।

६.बोर्डबाट स्वीकृत "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु" को एक प्रति प्रमाणित प्रतिलिपि सुपरीवेक्षण विभागमा र निष्काशनको स्वीकृति प्रदान गर्दा तोकिएका शर्तहरु बमोजिम सुधार गरिएको विवरणपत्रमा सम्पूर्ण संचालकहरुबाट हस्ताक्षर गराई सोको समेत एक-एक प्रति बोर्डको नियमन विभाग र सुपरीवेक्षण विभागमा पेश गर्नुपर्ने ।

<u>सम्बन्धित पदाधिकारीको</u>

नामः अम्बिका प्रसाद गिरी
पदः निमित्त कार्यकारी निर्देशक
दस्तखतः
मितिः २०८३।०७।१८